**बुढानीलकण्ठ नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**हात्तीगौंडा, काठमाडौं**

<u>सहायकस्तर पाँचौं तह, मनोसामाजिक परामर्शकर्ता पदको लिखित, प्रयोगात्मक र अन्तर्वार्ता सम्बन्धी पाठ्यक्रम</u>

पूर्णाङ्क:१००

लिखितः ५० अङ्क

| क.सं. | विषयवस्तु | पूर्णाङ्क ५० अङ्क | उत्तीर्णाङ्क | समय |
|---|---|---|---|---|
| क) | **वैदेशिक रोजगारका चुनौती, सवाल तथा समाधानका उपायहरूः** वैदेशिक रोजगारको वर्तमान अवस्था, प्रमुख चुनौती तथा समस्या, वैदेशिक रोजगारमा देखिने ठगी, मानव बेचबिखन, असुरक्षित आप्रवासन, श्रम शोषण र कानुनी समस्या; सुरक्षित वैदेशिक रोजगारका उपायहरू तथा सम्बन्धित निकायको भूमिका।<br>**नेपालमा रोजगारीको अवस्था, चुनौती तथा सम्भावनाहरूः** नेपालको रोजगारीको वर्तमान अवस्था, बेरोजगारी तथा अर्धबेरोजगारीका कारण, श्रम बजारका चुनौतीहरू, सीप विकास तथा उद्यमशीलताका अवसरहरू, स्वदेशमा रोजगारी सिर्जना गर्ने सम्भावना तथा रोजगारी प्रवर्द्धनमा सरकारको भूमिका। | १० | २० | १ घण्टा ३० मिनेट |
| ख) | मनोसामाजिक परामर्शको अवधारणा, उद्देश्य तथा महत्त्व; मनोसामाजिक परामर्शको प्रक्रिया र चरणहरू; परामर्शका विधि, प्रकार तथा प्रविधिहरू; मनोसामाजिक परामर्शकर्तामा हुनुपर्ने आवश्यक गुण, सीप तथा दक्षताहरू; मनोसामाजिक परामर्शकर्ताको भूमिका, काम, कर्तव्य तथा जिम्मेवारीहरू। | १० | | |
| ग) | **आप्रवासन र मनोसामाजिक समस्याः** आप्रवासनको अवधारणा, प्रकार र कारण; आप्रवासनका क्रममा तथा आप्रवासनपश्चात् देखिने मनोसामाजिक समस्या, तिनका कारण र प्रभाव; आप्रवासी कामदार तथा उनीहरूका परिवार, श्रीमती र बालबालिकामा पर्ने मनोसामाजिक असर; समस्या पहिचान, मूल्याङ्कन, व्यवस्थापन तथा समाधानका उपायहरू; मनोसामाजिक सहयोग र परामर्शमा सुरक्षित आप्रवासन (**SaMi**) कार्यक्रमको भूमिका। | १० | | |
| घ) | सामूहिक मनोसामाजिक परामर्श सेवाः सामूहिक परामर्शको अवधारणा, उद्देश्य र महत्त्व; सामूहिक परामर्शको प्रक्रिया तथा चरणहरू; समूहमा परामर्श सेवा प्रदान गर्दा ध्यान दिनुपर्ने कुराहरू; समूह सञ्चालनकर्तामा हुनुपर्ने आवश्यक गुण, सीप तथा दक्षताहरू; समूह व्यवस्थापन, प्रभावकारी सञ्चार, गोपनीयता कायम, सहभागिता अभिवृद्धि तथा समूहमा उत्पन्न हुने समस्या समाधानका उपायहरू। | १० | | |

| | | | | |
|---|---|---|---|---|
| | मनोसामाजिक समस्याहरु तथा समस्या समाधानका उपायहरु (तनाव वा दवाव सामना गर्ने तरिकाहरु, मानसिक रोग प्रति धारणा तथा मानसिक रोगीलाई सहयोग गर्ने तरिकाहरु, मनोसामाजिक परामर्श सेवा दिँदा विश्लेषण गर्ने पक्षहरु, आत्महत्या र रोकथाम गर्ने तरिकाहरु, आप्रवासी कामदारका श्रीमती र बालबालिकाहरुले भोग्नु परेका चुनौतीहरु | | | |
| ङ) | नेपालको संविधान तथा स्थानीय तहको अधिकारक्षेत्र तथा स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को कार्यपालिका तथा वडा समितिको काम, कर्तव्य र अधिकार सम्बन्धी ज्ञान र बुढानीलकण्ठ नगरपालिका सम्बन्धी सामान्य जानकारी एवम् श्रम, रोजगार तथा सामाजिक सुरक्षा सम्बन्धी सामान्य जानकारी | १० | | |

प्रयोगात्मक परिक्षाः ३० अङ्क

| क.सं. | विषयवस्तु | पूर्णाङ्क(३०) | उत्तीर्णाङ्क | समय |
|---|---|---|---|---|
| १ | नेपाली टाईपिङ | १० | १२ | ३० मिनेट |
| २ | अंग्रेजी टाईपिङ | १० | | |
| ३ | Ms Excel | ३ | | |
| ४ | Powerpoint | २ | | |
| ५ | E-mail Internet | ५ | | |

अन्तर्वार्ताः २० अङ्क